## आर्थिक

# २९ खानेपानी योजनालाई आठ करोड बजेट

गलकोट, ३० जेठ (रासस) : बागलुङका २९ खानेपानी योजनाका लागि रु आठ करोड विनियोजन गरिएको छ । आर्थिक वर्ष २०७९/८० का लागि सङ्घ र प्रदेश सरकारबाट कार्यान्वयन हुनेगरी २९ योजना छनौटमा परेर बजेट विनियोजन भएको छ । योजनामा रु १० लाखदेखि रु एक करोडसम्म विनियोजन गरिएको छ ।

छनोटमा परेकामा केही क्रमागत र केही नयाँ योजना छन् । बागलुङ क्षेत्र नम्बर २ का सङ्घीय सांसद तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलका अनुसार सङ्घमार्फत कार्यान्वयनमा जाने तीन ठूला आयोजना र प्रदेशमार्फत कार्यान्वयन हुने साना खानेपानी आयोजनाका लागि रु आठ करोड ८५ लाख विनियोजन गरिएको छ ।

सङ्घीय सरकारबाट कार्यान्वयनमा जाने जलजला बृहत खानेपानी आयोजना बडिगाड गाउँपालिकालाई रु एक करोड, जसपुर घामपानी मसरा खानेपानी आयोजना गलकोट नगरपालिकाको लागि रु एक करोड र गलकोट बृहत खानेपानी आयोजनाका लागि रु ५५ लाख ५० हजार विनियोजन भएको सङ्घीय सांसद देवेन्द्र पौडेलले जानकारी दिनुभयो । प्रदेशमार्फत कार्यान्वयन हुने बुर्तिबाङ खानेपानी आयोजनाका लागि रु २० लाख, ग्वालिचौर खानेपानी आयोजनाका लागि रु २० लाख, बडिगाड-७ गाँव छाप खानेपानी आयोजनाका लागि रु ३० लाख, बोंगादोभान १, २, ४ र ८ खानेपानी आयोजनाका लागि रु ३० लाख, चौरह लिफ्ट खोनपानी आयोजना दुदिलाभाटी गलकोटका लागि रु ३० लाख, खुंगा ६ र ७ खानेपानी आयोजनाका लागि रु १० लाख, खुंखानी कुनाखिर मुहान खानेपानी आयोजनाका लागि रु १० लाख विनियोजन भएको छ । कतिपय नयाँ भए पनि अधिकांश क्रमागतअन्तर्गतका आयोजनालाई निरन्तरता दिनका लागि बजेट विनियोजन गरिएको छ ।

दुदिलाभाटी खानेपानी आयोजनाका लागि रु ३० लाख, दुरमारे खानेपानी आयोजनाका लागि रु ३० लाख, बुर्तिबाङ २ र ३ पम्पिङ खानेपानी आयोजनाका लागि रु ३० लाख, अर्नाकोट २ र ३ खानेपानी आयोजनाका लागि रु १० लाख, भुल्केपानी खानेपानी आयोजनाका लागि रु ५० लाख, रिघा पाण्डबखानी १ र २ खानेपानी आयोजनाका लागि रु ३० लाख, ओरलधारा खानेपानी बडिगाड-९ आयोजनाका लागि रु ३० लाख तथा पुलिङ्ग दांगाचौर खानेपानी बडिगाड-९ आयोजनाका लागि रु १० लाख विनियोजन गरिएको छ ।

यस्तै झारखोला खानेपानी खुंगा १,२ र ३ आयोजनाका लागि रु १० लाख, अधिकारी चौर खानेपानी आयोजनालाई रु ३० लाख, हरिचौर खानेपानी आयोजनामा रु १० लाख, ओखरबोट खानेपानी आयोजनामा रु २५ लाख, बोबाङ खानेपानी आयोजनामा रु ५० लाख, मल्म दोस्रो खानेपानी आयोजनामा रु ३० लाख, तमान खानेपानी आयोजनामा रु १० लाख, नौलिसे खानेपानी आयोजना ४ देखि ७ वडाका लागि रु १० लाख, बोहोरागाउँ खानेपानी आयोजनाका लागि रु २० लाख, हल्पुखोला खानेपानी आयोजनाका लागि रु ३० लाख र बोबाङ-९ अधिकारीचौर खानेपानी आयोजनाका लागि रु ३५ लाख विनियोजन गरिएको छ ।

# नेप्से परिसूचकको पहिरो थामिएन

काठमाडौँ, ३० जेठ (रासस) : धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज दोहोरो अङ्कले ओरालो लागेको छ । शेयर कारोबार हुने साताको पहिलो दिन नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लागेको हो ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार १५.८२ अङ्कले नेप्से परिसूचक ओरालो लागेर दुई हजार ३२.३४ मा कायम भएको छ ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.२७ अङ्कले कमी आई ३८९.९८ मा ओर्लेको छ ।

नेप्सेको ओरालो यात्रासँगै कारोबार रकम अर्ब पनि पुग्न सकेन । कूल २३० कम्पनीको २९ लाख २० हजार ७०५ कित्ता शेयर रु ९९ करोड ८६ लाख ७४ हजार २६२ मूल्यमा खरिद बिक्री भए ।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहको शेयर मूल्य ओरालो लागेको छ । त्यसमा बैंकिङ ११.०७, व्यापार १५.७८, होटल तथा पर्यटन ३६.०१, विकास बैंक १६.७३, जलविद्युत् ५.२२, वित्त १७.२८, निर्जीवन बीमा १०२.१९, उत्पादन ५१.५, अन्य १.५५, लघुवित्त २८.०२, जीवन बीमा १३८.१२, सामूहिक लगानी कोष ०.०८ र लगानी ०.९२ अङ्कले ओरालो लागेको छ ।

नेप्सेका आधारमा सानिमा बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु नौ करोड एक लाख ६१ हजार ५७४ बराबरको कारोबार भयो । उपकार लघुवित्त रु पाँच करोड ६३ लाख ६४ हजार, सिभिल बैंक रु पाँच करोड ३७ लाख, बैंक अफ काठमाडौँ रु चार करोड ६९ लाख १४ हजार ७१३ र सेञ्चुरी बैंक रु दुई करोड ८३ लाख ९६ हजार ९३२ बराबरको कारोबार भई शीर्ष पाँच भित्र परेका छन् ।

नेप्सेका अनुसार बलेफी हाइड्रोपावर ९.९९, ग्रीन भेञ्चर्स लिमिटेड ९.९८, युनिलिभर नेपाल ४.१०, आँधीखोला लघुवित्त ४.०२ र तेह्रथुम पावर कम्पनीका लगानीकर्ताले ३.८१ प्रतिशतले कमाएका छन् । त्यस्तै, मानुषी लघुवित्त ५.४०, एनएमबी (५०) ५.२८, ओरियन्टल होटल ५.२०, बुद्धभूमि नेपाल हाइड्रोपावर ५.०६ र उपकार लघुवित्तका लगानीकर्ताले ४.५१ प्रतिशतले गुमाएका छन् ।

HONS
Internet Service Provider
Himalayan Online Service Pvt. Ltd.
Phone:+977-1-4244952 , +977-1-4220848
Fax:+977-1-4224524
Email:info@hons.com.np
P.O.Box 19409
Durbar Marg,
Kathmandu, Nepal
www.hons.com.np

## Interest Rates
Effective from 15 June, 2022

| TYPE OF DEPOSIT | | *PER ANNUM (%) |
|---|---|---|
| **NPR SAVING** | | |
| MBL Smart Bachat Khata | | 6.03% |
| Ek Byakti Ek Khata Yojana | | 6.03% |
| Normal Saving | | 6.03% |
| Pewa Bachat Yojana | | 6.03% |
| Yuba Bachat Khata | | 6.03% |
| Shareholders Saving | | 6.03% |
| Samman Bachat Khata | | 6.03% |
| BalBalika Bachat Khata | | 6.03% |
| MBL Premium Saving Account | | 6.03% |
| Remittance Bachat Khata | | 9.03% |
| MBL Student Saving | | 6.03% |
| MBL Retirement Plan Account | | 6.03% |
| MBL New Smart Bachat Khata | | 6.03% |
| Machhapuchchhre Bachat Khata | | 6.03% |
| Smart Plus Saving Account | | 8.03% |
| **SALARY SCHEME** | | |
| Salary Management Account | | 6.03% |
| MBL Surakshit Talab Khata | | 6.03% |
| Special Salary Management Scheme | | 6.03% |
| MBL Smart Salary Account | | 6.03% |
| **MBL Recurring Deposit** | | |
| MBL Recurring Deposit (6 months to 5 years) | | 9.00% |
| MBL Recurring Deposit (above 5 years to 20 years) | | 9.00% |
| **FCY Saving** | **NRN** | **Others** |
| US Dollar Saving | 6.00% | 4.00% |
| Euro Saving | 3.00% | 2.00% |
| GBP Saving | 3.00% | 2.00% |
| AUD Saving | 3.00% | 2.00% |
| **FCY Fixed Deposit** | **NRN** | **Others** |
| US Dollar Fixed Deposit | 7.25% | 6.00% |
| Euro Fixed Deposit | 4.00% | 3.00% |
| GBP Fixed Deposit | 5.00% | 4.00% |
| AUD Fixed Deposit | 4.00% | 3.00% |
| **FIXED DEPOSITS (LCY)** | | |
| **Tenure** | | **Individual/NRN** |
| 3 months to 1 year | | 11.03% |
| Above 1 year | | 11.03% |
| **FIXED DEPOSITS (LCY)** | **Institutional** | |
| **Tenure** | **New** | **Renewal** |
| 3 months to below 1 year | 10.03% | 10.13% |
| 1 year to 3 years | 10.03% | 10.13% |
| Above 3 years upto 5 years | 10.03% | 10.13% |
| **Remittance Fixed Deposit** | 12.03% | |
| **MBL Smart Square** | Fixed deposit to be double in 6.5 years | |
| **Structured Fixed Deposit** | 5.00% | |

| Credit Facilities | Premium Rate (% per annum) |
|---|---|
| **Working Capital Loan** (Overdraft/Demand Loan/Short-Demand Loan/Trust Receipt/Pledge Loan/Packing Credit Loan) **Term Loan/Bridge Gap Loan** Subject to Internal Loan Category (Corporate, Infrastructure, MSB, SME, ESME Lending). | Base Rate + upto 7.50% |
| **Retail/Consumer Lending** | |
| Home Loan | Base Rate + upto 7.50% |
| Auto Loan | Base Rate + upto 7.50% |
| Commercial Vehicle Loan (HP) | Base Rate + upto 7.50% |
| Mortgage Loan | Base Rate + upto 7.50% |
| Mortgage Plus Loan | Base Rate + upto 7.50% |
| Salary Package Loan | Base Rate + upto 7.50% |
| MBL Professional Loan | Base Rate + upto 7.50% |
| Privilege Loan | Base Rate + upto 7.50% |
| Education Loan | Base Rate + upto 7.50% |
| Loan against Fixed Deposit Receipt (Own) for New | plus 2.50% on coupon on FDR rate or plus 2.00% on base rate, whichever is higher |
| Loan Against Shares (Margin Lending) | Base Rate + upto 7.50% |
| Loan Against Gold | Base Rate + upto 7.50% |
| Loan against Government Securities/Bonds | plus 3.00% on coupon rate or plus 1.00% on base rate, whichever is higher |
| Loan against 1st Class Bank Guarantee | Base Rate + upto 7.50% |
| Loan against FCY Deposit | Base Rate + upto 7.50% |
| Forced Loan | Base Rate + highest premium rate + penal 2.00% |
| **Deprived Sector Lending** | |
| Indirect Lending (Wholesale or Institutional) | Base Rate + upto 5.00% |
| Direct Lending (Others) | Base Rate + upto 7.50% |
| MBL Subsidized Loan | As per NRB Norms |
| Yuba Tatha Sana Byabasai Swarojgar Kosh | As per the Agreement |
| **Loans under Consortium Financing** | As per the Consortium Agreement |
| **MBL Commercial Agriculture and Livestock Loan** | As per NRB Norms |
| **Home Loan for Earthquake Victims under NRB Refinancing** | As per NRB Norms |
| **BLB Agent Overdraft Loan** | As per the Agreement |
| **Penal Interest on past due loans & expired loan** | Plus 2% on Applicable Rate (Base Rate + Applied Premium rate ) |
| **FCY Denominated Loan** | |
| USD Trust Receipt Loan | Daily FCY Cost of Deposit + upto 5% |

| Fixed Interest Rate Loan for Individuals | Up to 5 years | 5 years to 10 years | Above 10 years |
|---|---|---|---|
| Home Loan | 13.00% | 14.00% | 15.00% |
| Auto Loan / HP Loan | 13.00% | 14.00% | - |
| Other Retail Loan | 13.50% | 14.50% | 15.50% |

**Note:**
1. Premium rate of each borrower, deal shall be determined subject to loan type/category, tenure of each deal, Internal Credit Risk Rating Assessment etc.
2. Interest Rates on loans against NRB Refinance Shall be as per NRB guidelines.

Machhapuchchhre Bank
सबल, उत्कृष्ट एवं विस्तारित
Head Office : Lazimpat, Kathmandu
Phone No. 01-4428556